केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२१/०७६/७७ मिति: २०७७/०१/२६

## सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

नेपाल सरकारको मिति २०७७ बैशाख २४ गतेको निर्णयानुसार बैंक तथा वित्तीय संस्थाहरुले अत्यावश्यकीय सेवा प्रवाह गर्नु पर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारी मध्ये एक तिहाई कर्मचारीद्वारा सेवा संचालन गर्न र सो प्रयोजनका लागि संचालनमा रहेका कुल सवारी साधन मध्ये एक चौथाईमा नबढ्ने गरी सवारी पास उपलब्ध गराउने व्यहोरा उल्लेख भएबमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुले कोभिड-१९ को संक्रमणबाट वच्न अवलम्वन गर्नु पर्ने मापदण्डहरु पालना हुने गरी देहाय बमोजिम बैंकिङ सेवा सुचारु गर्न सुचित गरिन्छ ।

१. कर्मचारीहरुमा हुन सक्ने संक्रमण तथा संस्थाको Business Continuity लाई मध्यनजर गर्दै यथासम्भव एक तिहाइ कर्मचारीहरुबाट सेवा सुचारु राख्ने । यसका लागि Remote Access, Work From Home , Shift wise Work लगायतका व्यवस्था अवलम्वन गर्न सकिने ।

२. बैंकिङ सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहिको स्वास्थ्य सुरक्षा तथा संक्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपायहरु (Sanitizer, Mask, Disinfectant, Thermal Scanning, Hand Gloves आदि) अनिवार्य रुपमा अवलम्बन गर्ने ।

३. सेवाग्राहीहरुको भीडभाड नहुने सुनिश्चिततताका साथ सेवा प्रवाह गर्ने ।

४. विद्युतीय मध्ययमबाट हुने कारोवारलाई थप प्रोत्साहित गर्ने ।

५. बैंकिङ सेवा सुचारु गर्न आवश्यक सवारी साधनको हकमा सम्वन्धित संस्थामा रहेका सवारी साधनको बढीमा २५ प्रतिशत सवारी साधन सञ्चालन गर्न बैंकको प्रधान कार्यालयले सवारी नं., सवारी उपयोग गर्नेको नाम, जानु आउनु पर्ने स्थान तथा समय तोकी पत्र उपलब्ध गराउने ।

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक